लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, अर्घाखाँची

सन्धिखर्क, नेपाल

प.सं. :- ०८१/०८२
च.नं. २८१६

मितिः २०८१/१२/०१

## विषयः वन डढेलो नियन्त्रण तथा व्यवस्थापन सम्बन्धमा।

श्री सितगंगा सबडिभिजन वन कार्यालय
श्री बाणगंगा सबडिभिजन वन कार्यालय
श्री सन्धिखर्क सबडिभिजन वन कार्यालय
श्री भुमिकास्थान सबडिभिजन वन कार्यालय
श्री मालारानी छत्रदेव सबडिभिजन वन कार्यालय
श्री पाणिनि सबडिभिजन वन कार्यालय

प्रस्तुत विषयमा हिउँदे वर्षाद्को कमी तथा लामो सुख्खायामसँगै विगत वर्षहरुमा झैं यस वर्ष पनि यस जिल्लाका विभिन्न वनक्षेत्रहरुमा समेत वन डढेलो लाग्ने जोखिम अत्याधिक रहेको र यसबाट वन स्रोत र जैविक विविधताको क्षतिको अलावा मानवीय क्षति र गाउँ बस्ती एवं भौतिक सम्पत्तिमा समेत ठूलो क्षति हुन सक्ने विषय विदितै छ । वन डढेलोको कारण हुन सक्ने भौतिक, जैविक, सामाजिक र आर्थिक वातावरणका सर्वाङ्गीण पक्षमा पर्ने असरहरूबारे तहाँ सबडिभिजन वन कार्यालयहरूलाई जानकारी नै छ । तसर्थ, वन डढेलोलाई अत्यन्तै संवेदनशील र त्यसको नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्यलाई प्राथमिकतामा राखी कार्यक्रमहरू सञ्चालन गर्न तथा तपसिल बमोजिमका क्रियाकलापहरु प्रभावकारी ढंगले संचालन गर्नु गराउनुहुन अनुरोध छ ।

तपसिलः

१ ) स्थानीय समुदाय, सुरक्षा निकाय लगायत सरोकारवालाहरूको संलग्नतामा वन डढेलो नियन्त्रण सम्बन्धि सचेतना वृद्धि गर्न छलफल, अन्र्तकृया, प्रशिक्षण, गोष्ठी, प्रचार प्रसार लगायतका कार्यका अलावा अग्नी रेखा सरसफाई लगायतका पूर्व तयारीका कार्यहरू दैनिक रूपमा कुनै न कुनै कृयाकलाप सञ्चालन गरी २०८१ चैत्र १ गते देखी ७ गते सम्म वन डढेलो सचेतना सप्ताह मनाउने व्यवस्था मिलाउनुहुन र सो को जानकारी यस यस कार्यालयमा उपलब्ध गराउने ।

२) स्थानीय वन उपभोक्ता समूहहरुको लागि वन डढेलो नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रमलाई व्यापकता दिने र परिचालन गर्ने, गराउने ।

३) स्थानीय तह, वडा कार्यालय र सुरक्षा निकायसँग डढेलो नियन्त्रणको लागि समन्वय, आपसी सहयोग आदानप्रदान र सहकार्य गर्ने, गराउने ।

४) वन संरक्षण र व्यवस्थापन कार्यक्रम अन्तर्गत वन क्षेत्रमा रहेका फायरलाईन तथा बाटोहरु सफा गर्ने, गराउने।

मोहन प्रसाद श्रेष्ठ
डिभिजनल वन अधिकृत

"प्रदेश सरकारको दिर्घकालीन सोच समृद्ध लुम्बिनी :, आत्मनिर्भर प्रदेश"
Website: dfoarghakhachi.gov.np
Emai : dfoarghakhanchi@gmail.com
फोन नं ०७७-४२०१०९

५) वन डढेलोको घटना विवरण र त्यसबाट हुन गएको क्षति सबडिभिजनस्तरमा फोकल पर्सन तोकि दैनिक रूपमा अद्यावधिक गरी कार्यालयमा पठाउने । वन डढेलोको घटना तथा सो को क्षतिको सम्बन्धमा दैनिक रिपोर्ट प्रविष्ट गर्न सहज हुने गरी यस कार्यालयबाट गुगल सिट तयार गरी आगामी दिनमा प्रेशित गरिने छ ।

६) गाउँ बस्ती र वन क्षेत्र जोडिएका ठाँउहरुमा त्यहाँ बसोबास गर्ने स्थानीय जनतालाई वनबाट बस्तीतिर र बस्तीबाट वनतिर आगो फैलिन नदिने कुरामा पूर्ण सजग र सचेत गराउने, झरेका पात पतिंगर सफाइ गर्न समुहहरुलाइ अनिबार्यरुपमा लगाउने र यसका लागि आवश्यक खर्च प्रचलित कानूनको अधिनमा रहि समुहहरुको कोषबाट खर्च हुने गरि व्यबस्था मिलाउने। सोको कडाइका साथ अनुगमन गर्ने ।

७) वन व्यवस्थापनका क्रियाकलाप संचालन भएका वनक्षेत्रहरुमा रहेका प्रज्वलनशिल पदार्थहरु (सुख्खा खरघाँस, पातपतिङ्गर, हाँगाबिंगा आदि) अनिवार्य रुपमा सफा गर्न वन व्यवस्थापनसँग सम्बन्धित पक्षहरु लाई बाध्यकारी व्यवस्था गर्ने|

८) वनको बाटो प्रयोग गर्ने, वनमा पशुचौपाया चराउने, वनमा श्रमिकको रुपमा काम गर्ने जस्ता मानिसहरुलाई सलाई, लाइटर तथा आगोको अन्य कुनै स्रोत लिएर वनमा प्रवेश गर्ने क्रियाकलापलाई नियन्त्रण गर्ने, गराउने ।

९) वन क्षेत्रमा छपान भै कटान प्रकृयामा रहेका रूखहरू, टुन टुका गरिएका काठ दाउरा समयमै घाटगद्दीमा ल्याउने व्यवस्था गर्ने, घाटगद्दीमा रहेका काठ दाउराको सुरक्षाको आवश्यक व्यवस्था (जस्तैः घाटगद्दी वरिपरि अग्नि रेखा बनाई नियमित सरसफाई, चौकिदारको व्यवस्था, पानीको प्रबन्ध आदि) मिलाउने ।

१०) वन क्षेत्रभित्र रहेका वा वन सिमानासँग जोडिएका पार्क, पिकनिक स्पट, मठ-मन्दिर, गुम्बा, मेलास्थल, हाटबजार, विकास निर्माणसँग सम्बन्धित क्याम्प जस्ता क्षेत्रहरुमा हुने विभिन्न क्रियाकलापहरुको नियमित निगरानी गर्ने, गराउने । त्यहाँ हुने क्रियाकलापहरुबाट वनक्षेत्रमा आगो फैलिन नपाउने सुनिश्चितता गर्न सम्बन्धित पक्षहरुलाई सचेत गराउने ।

११) वन क्षेत्रको बाटो हुँदै चल्ने सार्वजनिक र निजी सवारी साधनहरुमा यात्रा गर्ने यात्रु तथा सवारी धनी वा सवारीचालक तथा अन्य कर्मचारीहरुका क्रियाकलापहरुबाट वन डढेलो लाग्न नदिन सवारी साधन सञ्चालनसँग सम्बन्धित निकाय, ट्राफिक प्रहरी वा प्रहरी / सुरक्षा चेकपोष्टसँग समन्वय गरी आवश्यक सचेतना कार्यक्रम संचालन गर्ने, गराउने । साथै स्थानीय समुहहरूको परिचालन गरी सडक छेउछाउमा रहेका प्रज्वलनशील पदार्थहरू (सुकेका झारपात, पात पतिंगर, लगायत अन्य) नियमित सरसफाई गर्ने व्यवस्था मिलाउने ।

१२) खोटो संकलन हुने वनक्षेत्र, जडिबुटी तथा गैर-काष्ठ वन पैदावार संकलनक्षेत्र र विकास आयोजना संचालन हुने वन क्षेत्रहरुमा वन डढेलो नियन्त्रणको लागि सम्बन्धित पक्ष वा आयोजनाहरुलाई सचेत र जिम्मेवार बनाउने।

१३) सबडिभिजन वन कार्यालयका कर्मचारी अन्य जानकार व्यक्तिहरु परिचालन गरी जानीजानी वन डढेलो लगाउने व्यक्तिहरुको पहिचान गरी कानूनी कारबाहीको दायरामा ल्याउने र सो को जानकारी यस कार्यालयमा पेश गर्ने।

मोहन प्रसाद श्रेष्ठ
डिभिजनल वन अधिकृत

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, अर्घाखाँची

सन्धिखर्क, नेपाल

१४) वनक्षेत्रमा रहेका पातपतिङ्गर झिजामिजाहरुको संकलन र व्यवस्थापनका गरि जोखिम न्यूनीकरण गर्न यस कार्यालयमा कोषमा पैसा नभएका समुहहरुमा आवश्यक सहयोगका लागि गरिएकव सम्झौता र खोटो संकल भएङ्गा सबै समुहहरुमा अनिबार्यरुपमा कोषको पैसा यस कार्यमा खर्च गराउने गरि आवश्यक समन्वय र अनुगमन गर्ने ।

१५) वन डढेलो नियन्त्रणको क्रममा हुन सक्ने दुर्घटनाको जोखिम न्यूनीकरण र राहतका लागि रेड कार्यान्वयन केन्द्र मार्फत गरेको सामुहिक दुर्घटना विमाको बारेमा वन उपभोक्ता समुह लगायत सरोकारवाला निकायहरूमा प्रसार गर्ने, कथंकदाचित त्यस्तो दुर्घटना भएमा सो विमाबाट सहायता प्राप्त गर्न आवश्यक समन्वय गर्ने ।

१०/०१/२१९

मोहन प्रसाद श्रेष्ठ
सिनियर डिभिजनल वन अधिकृत

**बोधार्थ**

श्री वन तथा वातावरण मन्त्रालय लुम्बिनि प्रदेश
श्री वन निर्देशनालय बुटवल
श्री जिल्ला प्रशासन कार्यालय अर्घाखाँची


Emai : dfoarghakhanchi@gmail.com Website: dfoarghakhachi.gov.np
फोन नं ०७७-४२०१०९